# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

२०७५/१२/०१

तेस्रो अधिवेसन

(बाह्रौ बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

१. **माननीय सदस्यहरू,**

यस सभाको तेस्रो अधिवेशनको बाह्रौं बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

२. **माननीय सदस्यहरू,**

प्रदेश सभा नियमावली, २०७४ को नियम ५७ बमोजिम समसामयिक विषयमा बोल्नका लागि विशेष समय माग भई आएकोले उक्त सयम निर्धारर्ण गरेको छु । विशेष समयमा बोल्नु हुने प्रत्येक माननीय सदस्यहरुको लागि ५ मिनेटको समय निर्धारण गरेको छु ।

सर्वप्रथम माननीय तारालामा तामाङ्ग लाई समय दिन्छु ।

**तारालामा तामाङ,**

माननीय सभामुखज्यू, आज हामी खास गरी प्रदेश सरकारले आयोजना गरेको सुदूरपश्चिमको लागि एउटा ईतिहासिक कदम मुख्यमन्त्री कप फुटबल लगायत धेरै खेलहरु आयोजना गरेको खेलकुदको कार्यक्रम पश्चात सभामा उपस्थित भएका छौं र त्यो खेलकुदले हाम्रो प्रदेशलाई अझ चिनाउनमा मदत पुग्नेछ र २०७५ साल फाल्गुन २५ गते देश सोकमा डुबिराखेको बेला सुदूरपश्चिमको कंचनपुर पुनरवास न.पा को वडा नं. १,२,३,४ र बेलौरी न.पा. को केही वडामा एउटा ब्लकलाई केन्द्रित गरेर करिब साडे पाँच बजेदेखी परेको असिनाले त्यहाँ लगाएको सबै गहुँ, तरकारी खेती सबै नष्ट गरेको हुनाले त्यहाँको जनताले प्रदेश सरकार भएको अनुभूति हुने गरी केही न केही काम राहत अथवा क्षतिपूर्ति राहतको कार्यक्रम त्यहाँ जाने कुरामा त्यहाँको जनताले आशा गरेर बसि राखेको छ । तर त्यो भएको १६ दिन सम्म भइसक्दा पनि हाम्रो सरकार कार्यव्यस्तताको कारण हो या त्यतातिर सोच्न अली टाइम नभएर हो यसको बारेमा खोजिनीति नहुँदा त्यहाँको जनताहरुले अली यलाइ अनुभूति भएको महसुस गरिराखेको छैन र प्रदेश सरकारको मुख्यमन्त्रीज्यू लगायत मन्त्रीहरुलाई यस बारेमा जानकारी गराइ सकेको र कुरा मैले यो क्षेत्रको प्रतिनिधीको हैसियतले पनि कुरा राखेको छु र सरकार थोरै धेरै जति गर्न सकिन्छ जनताले अनुभूति हुने गरी सरकारको त्यहाँ ध्यान जाओस भन्ने कुरा राख्दै म पूनः सरकारको ध्यान जाने विश्वास गर्दै विदा हुन्छु धन्यवाद ।

**माननीय कर्ण बहादुर मल्ल,**

माननीय सभामुख महोदय, डडेल्धुरा लगायत सुदूरपश्चिम प्रदेशका विभिन्न भुगोलमा दैविक प्रकोपका विभिन्न घटनाहरुबाट पीडितहरुले पाउने राहतका लागि दुर्घटनाबाट आगजनीबाट, चटयाङबाट मृतक र पीडितलाई पाउने राहतका लागि यो गरिमामय सदन समक्ष मार्फत यो हाम्रो सुदूरपश्चिमको सरकारलाई पटक पटक आग्रह गर्दा खेरी पनि हालसम्म पनि कुनै पनि दैवि प्रकोपका घटना लगायत पीडित भएका, मृतक भएका, घाइते भएका नागरिकहरुले यो सरकारबाट कुनै पनि राहत नपाएको घटनालाइ म पून ध्यानाकर्षण गराउन चाहान्छु र यो सरकारले यति सुस्त ढंगले, यति उदासिन ढंगले आफ्नो प्रदेशका नागरिक प्रति व्यवहार नगरोस र पून आग्रह गर्न चाहान्छु कि ती पीडित परिवारहरुले, पीडित व्यक्तिहरुले, पीडित घरपरिवारलाई सरकारले चाँडो भन्दा चाँडो राहत दिनको लागि माननीय सभामुख मार्फत म हार्दिक आग्रह गर्न चाहान्छु । र आज ती दुइ दिन अगाडी संचालित यो मुख्यमन्त्री कप खेलकुद शुरु भइ राखेको छ । यो राम्रो कुरा हो । खेलको विकासका लागि युवाको सर्वांगिढ विकासका लागि र यो क्षेत्रको एउटा सबै जिल्लाका युवाहरुको विचमा सामनजस्यता अपनाउनको लागि र राष्ट्रिय खेलकुदमा र प्रतिस्पर्धाका लागि यो क्षेत्रका खेलप्रेमी युवाहरुको यो सुवर्ण अवसरका रुपमा यो मुख्यमन्त्री कपलाइ हामीले लिएका छौं । तथापी यो जुन ढंगले यलाइ स्थानीय तहबाट प्रतिस्पर्धामुलक बनाइकन यो खेलकुद मुख्यमन्त्री कप बनाइनु पर्दथ्यो त्यो ढंगले नभएकोले हामीले यसमा गम्भिर ध्यानाकर्षण भएको छ र यसको जुन आय व्य जुन हामीले सुन्नमा आएको छ झन्डै ३ करोड रुपैया यो सरकारले खर्च गरिराखेको छ । तिन करोड रुपैया सुदूरपश्चिमको सरकारले मुख्यमन्त्री कपका नाममा खर्च गर्दै गर्दा सुदूरपश्चिममा छानिएर छनौटमा भएका राष्ट्रिय खेलकुदको लागि छनौटमा भएका खेलाडिहरु बाहेक कुनै पनि तिन वटा विधामा तिन तिन खेलाडीहरु अहिले हुने कपबाट उत्पादन हुन्छ कि हुदैन भन्ने कुरामा पनि हाम्रो गम्भिर ध्यानाकर्षण भएको म जानकारी गराउन चाहान्छु । यो भन्दै गर्दा खेरी बजेट जसरी आएको थियो । २०७४/०७५ को बजेटको एउटा पाटो छ । २०७५/०७६ को बजेट रातो बुकमा आएका पनि कार्यान्वयनको पाटोमा गएका छैनन् सभामुख महोदय । त्यो बाहेक पनि राजाका पटक पटक हामी भन्दै आएका छौं राजाका कालमा जस्तै तजबिजका आधारमा अहिलेको सरकारका मन्त्रिज्युहरुले यो सरकारले सम्बन्धित क्षेत्रका माननीयहरुलाइ जानकारी नै नदिइकन जुन ढंगको यो पड्के योजनाहरु छड्के योजनाहरु आफ्ना कार्यकर्ताहरुको आग्रह अनुसार कार्यकर्तालाइ पालन पोषण गर्ने ढंगले जुन बजेट बिनियोजित गरिने प्रक्रिया शुरु गरिएको छ । मेरै जिल्लामा पनि रातो बुकमा नआएको हामी त्यहाँका माननीयहरुलाइ जानकारी नभइकन ४३ वटा योजना भर्खरै छुटयाइएको छ आफ्ना कार्यकर्ताको नितान्त आग्रहमा योजना सिचाइको प्रसस्त उदाहरण छन् । समय अभावको कारणले भन्न अपुग हुन्छ । एउटा सिचाइको योजनामा २ लाख रुपैयामा सम्पन्न हुनेवाला छ । तर यो सरकारले २५ लाख रुपैया छुटयाएको छ । यो ढंगको आर्थिक विचलन, यो ढंगको विकासमा पूर्वाग्रहको भावनाबाट सरकार चल्नु हुँदै भन्ने म आग्रह गर्न चाहान्छु । त्यसै गरी कन सरकार अहिले यो राजवबाट कैलालीको क्षेत्र नं. १ बाट निर्वाचित रेसम चौधरीसँग एउटा व्यवहार

गरिराखेको छ हाम्रो सरकारले अहिले । मनाङको प्रदेश सभामा निर्वाचित राजि गुरुङ दिपक मनाङ्गेसँग अर्को व्यवहार गरिराखेको छ । यसरी शासन चल्दैन यसरी कानूनी राज चल्दैन । यो गर्दै गर्दा स्वतन्त्र मधेसको नाममा मधेस अलग हुनु पर्छ भन्ने अपवित्र उदेश्यका साथ सिके राउतको नेतृत्वमा मधेसलाइ अलग्गै देश बनाइनु पर्दछ भनेर जो राष्ट्रिय विखण्डताको पक्षमा उभिएको सिके राउतसँग यो संघीय सरकारले २५ गते ११ बजे जुन सम्झौता गर्यो । त्यो प्रति हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ । त्यो गम्भिर आपत्तिको विषय छ । त्यो सम्झौताको २ नं. दफामा लेखिएको छ हामी आफ्ना राजनीतिक, सामाजिक, आर्थिक लगायत उदेश्यहरु प्राप्तिका निम्ती शान्तिपूर्ण एवं लोकतान्त्रिक बाटोबाट अघि बढ्नु पर्छ भन्ने मान्यतामा ढृण छौं । हामी भनेको सरकार र स्वतन्त्र मधेस गठबन्धन सिके राउत समुह । त्यस्तै अघि लेखिएको छ नेपालको संविधानमा प्रयुक्त जनतामा निहित सार्वभौम अधिकारको प्रयोग गर्दै तराइ मधेस लगायत देशका कतिपय स्थानमा रहेका असनतष्टीहरुलाइ जनअभिमतद्धारा जनअभिमतमा आधारित लोकतान्त्रिक विधिबाट सामाधान गर्ने छौं भनेर दुइ नम्बर बुदामा लेखिएको छ । यो घोर आपत्तिजनक छ यो देशको स्वाधिनताका विरुद्धमा छ । जो देशको जुन सार्वभौमताका विरुद्धमा छ । देशको विखण्डनको पक्षमा छ त्यस कारण हाम्रो यसमा गम्भिर ध्यानाकर्षण भएको छ । यो भन्दै गर्दा यसको केही दिन पश्चत केही घण्टा पश्चात यही सरकारले हिजोका दिनहरुमा आफुसँग सँगै राजनीतिक उदेश्य प्राप्तीका लागि सँगै राजनीतिक सहकर्मी सहयोगी भएर लड्दै आएको विपलप समूहलाइ राजनीतिक प्रतिवन्ध लाएको छ । यसमा पनि हाम्रो घोर आपत्ति छ । हाम्रो ध्यानाकर्षण भएको छ । त्यो कारण एउटा समूहलाइ एउटा देश टुक्राउने समूहसँग जनमत संग्रह गरिकन तपाइहरुको माग पुरा गर्नेछु भन्दै यो सरकारले भन्यो भने अर्को राजनीतिक समूहलाइ अर्को राजनीतिक समूहमाथि राजनीतिक प्रतिबन्ध लागेको छ । त्यसमा हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ । यलाइ राजनीतिक रुपमा बिप्लप समूहलाइ बार्तामा ल्याएर राजनीतिक सहमतिमा ल्याएर राजनीतिक रुपमा नै समस्या समाधान गरिनु पर्दछ भन्ने आफ्नो कुरा राख्दै विदा हुन्छु धन्यवाद ।

**माननीय कृष्ण बहादुर चौधरी,**

चौधरी भाषामा बोलेको ।

**माननीय मना कुमारी साउँद,**

माननीय सभामुख ज्यू, विगत लामो समयदेखी महिलाहरु माथि हाम्रो समाजमा साँस्कृतिक रुपमा, धार्मिक रुपमा र भौगोलिक रुपमा र यो छाउपडी कुप्रथाले हाम्रो समाजमा लामो समयदेखी जरा गाडेर बसेको छ । यसलाइ न्यूनिकरण गर्नको निमित्त अब प्रदेश सरकारले हामी जहिले पनि भाषण गर्छौं र एउटा नीति बनाउछौं र कानून ल्याएका छौं । कहाँ छ त्यो कानून कार्यान्वयन गर्नका निमित्त हामीले एउटा ठोस योजना बनाएर जानु पर्छ र मलाइ लाग्छ कि यो सुदूरपश्चिममा विशेष गरी यो नौ वटा जिल्लामा महिलाहरु बढी प्रभावित छन् यो कुरामा र यस कुरालाइ अब साँच्चिकै बैचारिक रुपमा र त्यहाँको

बस्तुगत स्थिति, त्यहाँको धरातल र कुन मानेमा महिलाहरु पीडित छन् र यो कसरी हामी यस्को न्यूनीकरण गर्न सक्छु भन्ने कुराहरु यसलाइ हामीले सुष्म ढंगले अध्ययन गरेर जान सक्नुपर्छ । र साँच्चिकै आज महिलाहरु आज प्रत्येक महिनापिच्छे छाउपडि गोठमा मृत्युवरण आज महिलाहरुले गरिरहेका छन् र साँच्चिकै ति महिलाहरुलाइ खब जनचेतना जगाउने कुरा देखी लिएर हामी यो कानूनलाइ छाउपडी भित्र राख्नेलाइ र बस्नेलाइ दुइटैलाइ कारवाही गर्ने जुन कानुन बनेको छ त्यो कानुन कार्यान्वयन गर्न र गराउनको निमित्त अब सरकारले यसको नेतृत्व गर्नु पर्छ भन्ने मलाइ लाग्छ र यसलाइ हामीले महाअभियानको रुपमा यो कार्यक्रमलाइ लैजानु पर्ने हुन्छ । सुदूरपश्चिममा द्धारिका देवी ठकुरानी कार्यक्रम विशेष गरी महिला लक्षित कार्यक्रम हुनु पर्छ । र हामी भोली यो कार्यक्रम यो भयो भनेर हामीले भन्नु भन्दा पनि त्यो कार्यक्रम तय हुनु भन्दा अगाडी नै हामीले विशेष गरी महिला लक्षित कार्यक्रम हुनुपर्छ भन्ने मलाइ लाग्छ । र अस्ती भर्खरै हाम्रो यो राष्ट्रिय अन्तर्राष्ट्रिय रुपमा १०९ अन्तर्राष्ट्रिय महिला श्रमिक दिवश आज विश्वभरी नै मनाइराखेको अवस्थामा सुदूरपश्चिमका महिलाहरुको यहाँ हामीले पनि मजदुर महिलाहरुलाइ एउटा विचार गोष्टी र सुदूरपश्चिमका महिलाहरुका साँस्कृतिक र एउटा संगित मार्फत एउटा गितका भावना अर्थ विचार गोष्ठी गरेर कुनै यो उपलक्ष्यमा हामीले सुदूरपश्चिममा एउटा अन्तर्राष्ट्रय महिला दिवशको अवसरमा कुनै यो मनाउने प्रदेश स्तरको कार्यक्रम मनाइदिएको भए उचित हुन्थ्यो की भन्ने मलाइ लागिरहेको छ । जो यहाँदेखी बाजुरा जाने यहादेखी अछाम र दार्चुला डोटी टाढा छाढा जुन प्रदेशका माननीयहरु हामी महिलाहरु छौं । हामी एउटा जिम्मेवारी विहिन र त्यो कार्यक्रममा कुनै ठाउँमा पनि सहभागीता हाम्रो भएन किन भने हामी यहाँ मजदुर महिलाहरु छन् यहा यो उपलक्ष्यमा कुनै कार्यक्रम राखिनु पर्थ्यो र यसको सहजीकरण गरिनु पर्थ्यो सरकारको तर्फबाट भन्ने कुरा मलाइ लागि रहेको छ । द्धारिका देवी ठकुरानी कार्यक्रम हिजोका दिनहरुमा हामीलाइ विभिन्न अनुभवहरु छन् । राष्ट्रपति महिला उत्थान कार्यक्रम आयो । त्यो राष्ट्रपति महिला उत्थान कार्यक्रम कहाबाट गयो कहाबाट निस्क्यो भन्ने कुरा हामीलाइ थाहा छैन । अझ फेरी पनि आउला महिलाहरु पनि पक्षमा जाओस भन्ने हामी एउटा आशावादी छौं । तैपनि विगतका दिनहरुका जस्तरी त्यो राष्ट्रपति महिला कार्यक्रम हराए जसरी द्धारिका देवी ठकुरानी कार्यक्रम नहराओस र मलाइ लाग्छ हामीले सुनेका छौं । यो कुनै पनि छाउपडी कुप्रथा उन्मुलन गर्नको निमित्त संघ संस्था र एउटा एनजिओ आइएनजिओ मुखी बनाउनु हुँदैन । यो सरकारमुखी बनाउनु पर्छ सरकारले जवाफदेहीता सरकार हुनुपर्छ । यसको भागेदारी सरकार हुनुपर्छ । प्रत्यक्ष महिलाहरु उपर हुनुपर्छ र महिलाहरुको चेतना सांस्कृतिक रुपान्तरण अर्थात त्यहाँका धामी झाँक्रीहरुलाइ चेतना अभिमुखीकरण गोष्ठी गरेर हुने हो कि कसरी हुने हो । वास्तविक महिलाहरु लक्षित कार्यक्रम हुनुपर्छ भन्ने मलाइ लागिरहेको छ । त्यसैले यो कार्यक्रम अहिले नै हामीले के के भइराखेको छ हामीले यताकता सुन्ने गरेका छौं । हामीकहाँ पनि त्यस्तो जानकारी छैन । यस्ता कार्यक्रम महिलाहरु लक्षित नै होस र प्रत्येक जिल्लामा आज छाउपडी गोठमा मरिरहेका महिलाहरु र एउटा गाइको गौत खाने महिलाहरुले महिलाहरुको अधिकार र महिलाहरुको लागि रकम छुट्याइएको र महिलाहरुको अधिकार र कानून

महिलाहरुले बुझ्न पाउन भन्ने मलाइ लागिरहेको छ । यस्ता किसिमका महिलाहरुमाथि हुने कार्यक्रममा र आगामी दिनमा र यो महिलाहरु लक्षित कार्यक्रम यो सरकारको ध्यानाकर्षण गराउन चाहान्छु । महिलाहरुउपर नै होस र एउटा सरकारले नेतृत्व गर्नु पर्छ । र हामीले विगतका अनुभवहरु पनि देखेका छौं । अहिले एनजिओ आइएनजिओहरुलाइ अगाडी सारेर मात्र हुँदैन । उहाँहरुलाइ सँग सँगै हामीले लैजाने हाम्रा तिन तहका सरकार छन् स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकार यो मार्फत प्रत्यक्ष सरकारले यसको अनुगमन निरिक्षण र प्रत्यक्ष सरकारले नेतृत्व लिनु पर्छ भन्ने म प्रदेश सरकारलाइ सभामुखज्यू मार्फत म ध्यानाकर्षण गराउन चाहान्छु धन्यवाद ।

**माननीय श्यामलाल राना,**

माननीय सभामुख महोदय, यस मुलुकमा आजसम्म जे जति परिवर्तन कार्याक्रमहरुसंचालन भए यी सबै अभियानहरु कुनै व्यक्तिलाइ हटाउन वा स्थापित गर्नका लागि भएका होइनन् । व्यवस्था परिवर्तनका लागि भएका हुन् । व्यवस्थाको खोजीका लागि भएका हुन् त्यस कारणले जुन अहिलेको अवस्थामा हामी उभिएका छौं यो व्यवस्था अत्यन्त कठोर ढंगले धेरै बलिदान र संघर्षका बावजुत यो व्यवस्था हामीले प्राप्त गरेका छौं । र त्यस कारणले हामी यस सुदूरपश्चिम प्रदेशमा सभा संचालन भए देखी अहिलेसम्म मलाई लाग्छ हामी हरेक कोडबाट सरकारका कृयाकलापहरुलाइ सहयोग गर्दै आएका छौं । एकजुट भएर जानु पर्छ । यो सुदूरपश्चिम प्रदेशलाइ कसरी शुन्दर बनाउन सकिन्छ । कसरी यहा दिगो शान्ति ल्याउन सकिन्छ । दिगो विकास गर्न सकिन्छ भन्ने हाम्रो अवधारणा छ । त्यसकारण यो व्यवस्थालाइ सफल बनाउनको लागि हामी सबैको जिम्मेवारी हो । हामीले यो जिम्मेवारी हामीलाइ इतिहासले दिएको छ भन्ने मलाइ लाग्छ । र त्यस कारणले हामी यस प्रदेश सभामा आजसम्म र विगतसम्म केही विचारहरु आफ्ना फरक मतहरु अभिव्यक्त गरे बाहेक हामीले भन्दै आएका छौं कि यस सदनमा हुन्न भन्ने आवाज सुनिएको छैन र एकलौटी ढंगले सरकारले अहिले चाँही जुन प्रदेश सभा नियमावलीमा टेकेर आजसम्मका सभाहरु संचालन भएका छन् कुन ठाउमा नेपाली कांग्रेस र प्रतिपक्ष बिगारे । प्रदेश सभा नियमावलीको दफा १४६ को उपनियम २ मा सचिवालय संचालन सम्बन्धमा जुन व्यवस्था रहेको छ अहिले प्रदेश सभाको सचिवालय संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा प्रतिपक्ष दलको नेतालाइ हटाउने काम भएको छ । यो प्रपन्च गरिएको छ । यसरी साना साना कुराहरुमा पनि सरकारले बखेडा झिक्ने काम गरेको छ । यो एकदम अलोकतान्त्रिक प्रकृया हो भन्ने मलाइ लाग्छ । हामी मिलेर जानुको विकल्प छैन भनेर हामीले पटक पटक भनेका छौं । त्यसकारणले यले के देखाउछ भने सरकार एकदम आफ्नो दुइ तिहाइको घमण्डमा छ जे पनि गर्न सक्छु भन्ने नियत बोकेको छ । र यसका साथसाथै यो सरकारका विभिन्न कामको रबैया पनि हामीले देख्दै गरेका छौं । भरखरै यो सामाजिक विकास मन्त्रालयबाट केही स्वयंसेवकको माग भएको छ । विभिन्न १३ वटा विषयमा स्वयंसेवकको माग भएको छ । हामीले प्रचलित ऐन नियम अनुसार अहिलेसम्म प्रत्येक विज्ञापनमा यानकी लोक सेवाले पनि दलित, आदिवासी जनजाती, जनजातीका लागि विषेश कोटा छुटाउने काम

गरेको छ । त्यो नभएर विशेष ग्रायता दिइनेछ भन्ने कुराहरु आएको हुन्छ । तर यसमा प्राप्ताङ्को आधारमा स्वयंसेवक राख्ने भन्ने कुराहरु आएको छ यो विज्ञापनमा । मलाइ लाग्छ यो जनजातीका छोराहरु दुरदराजमा दलितका छोराहरु सार्वजनिक विद्यालय बाहेक उच्चस्तरीय विद्यालयमा पढ्न पाएका छैनन् उनीहरुलाइ कसरी यसमा समावेश गर्न सकिन्छ भन्ने तिर सरकारले ध्यान दिनुपर्ने हुन्छ । एकदमै यसमा निषेध गर्न खोजिएको छ । अहिले शुरुमै यी प्रकृयाहरु लागु भयो भने भोलीको दिनमा एउटा स्वयं सेवक समेत एकटा दलितका छोराहरुले, जनजातीका छोराहरुले, आदिवासीका छोराहरुले प्रवेश गर्ने मौकाबाट बन्चित हुन्छन् भनेपछि भोलीको दिनमा तलब स्केलका कुराहरु पाउने ठाउमा कसरी प्रवेश गर्ने मौका पाउलान । यो अहिलै देखी निषेध गर्न लागु गरिएको छ । यो एकदम अलोकतान्त्रिक प्रकृया हो भन्ने मलाइ लाग्छ । सरकार यो बाटोमा हिडिराखेको छ । अब यो कुरामा सरकारले एकदमै ध्यान दिनु पर्छ भन्ने मलाइ लाग्छ । यो गलत विषय हो । त्यसकारणले र संगसंगै र अहिलेसम्म हामी संसदीय दलको व्यवस्थापन गर्न सकेका छैनौं । एक वर्ष भइसक्यो । सरकार बाँधे सर्दैछ । कस्तो बाँधे सर्ने हो । अनी यसै सदनमा माननीय तारा लामा ज्यूले एकपटक यो आवाज उठाइ सक्नु भएको छ सरकारको ध्यान गएको छैन यस विषयमा । सुदूरपश्चिम प्रदेशमा एउटा ठुलो भ्रष्टाचार भएको छ । हाम्रो कंचनपुरको भिमदत्त नगरविकास समितिको जग्गा लिज प्रकरणमा अर्बौंको घोटाला भएको छ त्यहाँ । त्यो ठाउमा भू-माफिया हरुको संलग्नतामा अर्बौंको घोटाला भएको छ । यसको छानविन गर्न सरकारको अहिलेसम्म ध्यान गएको छैन । तसर्थ म यो सभामा माननीय सभामुख मार्फत संसदीय छानविन समितिको गठन गर्नुपर्छ भन्ने म माग राख्न चाहान्छु र साथै अब उपरान्त जुन योजनाहरु छ योजनाहरुको बारेमा पनि व्यवस्थित भएको छैन । साथीहरुको भनिसक्नु भो त्यस कारणले यी सबै विषयमा हामी सरकारलाइ सहयोग गर्ने तर सरकार चाही आफ्नो कृयाकलाप सुधार्नीतिर नगएको हुनाले म सभामुख मार्फत यो ध्यानकर्षण गराउदै आफ्नो मन्तव्य यही राख्न चाहान्छु ।

**माननीय लिलाधर भट्ट,**

माननीय सभामुख महोदय, हाम्रो देशमा अहिले विभिन्न राजनीतिक घटना परिघटना भइ रहेको यो बेलामा र सरकारले तिन तहको निर्वाचन सम्पन्न गरिसकेपछि यो गरिमामय संसदबाट अव उपरान्त भारत प्रवासमा नेपालीहरुले जाने अवसर छैन छिटै रोजगार पाउने छ भन्ने घोषणा गरिएको थियो । म भखर हिजो मात्रै भारत प्रवासको दिल्लीबाट आउदा विभिन्न संगठनहरुले त्यहाँ राखेका गुनासाहरु अहिले नेपालीहरु ठगिदै गरिएका बेचिदै गरिएका र नेपाली छोरीहरु दैनिक पचासौंको संख्यामा विदेश बेच्नलाइ दिल्लीका कोठीहरुमा पुगिरहेको अवस्था र त्यहाँ रेलवे स्टेशनदेखी लिएर त्यहाँ आइकार्डका समस्या र खाता खोल्नमा पनि ठुलो समस्या परिरहेको गुनासो आएका छन् त्यसका बावजुत पनि नेपालीहरु त्यो क्षेत्रमा काम गर्न बाध्य छन् । त्यहाँबाट सिमानामा आउदा खेरी सिमानामा भारतीय सुरक्षाकर्मीहरु बाट दैनिक रुपमा लुटिनु पर्ने कुटिनु पर्ने अवस्था सृजना भएको छ र अहिले भारतमा लामो समयसम्म सेना प्रहरीमा काम गरेका मान्छेहरु नेपालमा पेनसन खाइ नेपाली मानिसहरुले पेन्सन बनाउदा खेरी

तिनिहरुका अहिले पनि बैंक खाताहरुमा नाम परिवर्तन गर्ने समस्याले वर्षौंदेखी एक वर्षदेखी अहिलेसम्म खाता संचालन भइरहदा तिनिहरुको पेन्सनको ठुलो समस्या रहेको छ । बैतडी जिल्लालाइ ठुलो प्रभावमा पारेको छ । त्यहाँका मानिसहरु धेरै पेनसनमा भएकोले यसको बारेमा र भारतमा गएका नेपालीहरुलाइ रोजगारको लागि नेपाल मै ग्यारेन्टी गर्छु भन्ने घोषणा र युवा स्वरोजगार कोष मार्फत तिनलाइ ल्याउने र भारतमा जादा नेपालीहरुको विमा कार्यक्रम संचालन गर्नु पर्ने स्वास्थ्य विमा संचालन गर्नु पर्ने र भारतीय सिमामा भएको अहिले जुन खालको घटनाहरु भएका छन् यसको बारेमा गम्भिर ध्यानाकर्षण गर्न चाहान्छु । यसका साथसाथै मैले आज तेश्रो चौमासिकको पहिलो दिन मैले बोलिरहदा अहिले हाम्रो सरकारले दुइ चौमासिकमा गरेका प्रगतिहरु के के हुन् । यसको बारेमा पनि मन्त्रालय वाइजको छलफल गर्नको लागि म यो सभासँग माग गर्न चाहान्छु । अहिलेसम्म पत्रकार मित्रहरुले सोध्दै हुनुहुन्छ कति प्रतिशत गर्यौं भनेर मैले त भन्छु पचास भन्दा बढी गर्यौं भनेर भन्छु तर मैले कसँग यो जानकारी माग्ने कुन मन्त्रालयमा कुन सचिव कुन उपसचिव कुन कर्मचारीबाट यो डाटा माग्ने साँच्चै छिटै हामीले यो सुनेका छौं प्रदेशमा मन्त्रीस्तरीय त्यहाँ कार्यालय प्रमुखहरुको समिक्षा हुँदैछ । त्यसपछि मन्त्रालय वाइजका गरेका प्रगतिको समिक्षा पनि यो संसदमा हुनुपर्छ र हामीलाइ जानकारी गराउनुपर्छ भन्ने पनि म माग राख्न चाहान्छु । यसका साथसाथै केही मन्त्रालयको अहिलेसम्म पनि अख्तियारी नगएको हामी सुन्न गइरहेका छौं । प्रदेशका करोडौ करोडका योजनाहरु ती दश हजारदेखी लिएर ५ करोडसम्मका योजनाहरुको अहिलेसम्म अख्तियारी नगएका कुराहरु पनि हामी सुन्दै छौं । तेश्रो चौमासिकको प्रथम दिनसम्म अख्तियारी नजाँदा खेरी जनताले प्रदेश सरकाको औचित्य माथि प्रश्न चिन्ह उठाउदैछ । हिजो संघीयताको विरोध गर्नेहरुले आज यो प्रदेश सरकार छ कि छैन भन्ने प्रश्न उठाइ रहदा यसको जवाफ पनि सम्बन्धित मन्त्रिज्यूहरुले सदनमा आएर जावाफ दिनुपर्छ भन्ने मेरो माग रहेको छ । यसका साथसाथै प्रदेश गौरवका योजनाहरु भनेर बजेट छुट्याएका थियौ । साँचिकै ति प्रदेश गौरवका योजना प्रदेश गौरवका योजना भए कि भएनन् । हिजो गाउपालिकाले बनाउने योजनाहरु हिजो नगरपालिकाले बनाउने योजनाहरु प्रदेश गौरवका योजना बनेका हुन कि त्यसको बारेमा पनि छलफल गर्नुपर्ने देखिन्छ । यसका साथसाथै असोजका महिना हामिले सगर्भका साथ भन्यौं प्रदेशको राजधानी र प्रदेशको नामाकरण गर्यौं भनेर अहिलेसम्म प्रदेशको राजधानीसम्बन्धमा जग्गा अतिक्रमण भएको छ कि छैन । जग्गा अतिक्रमण सरकारले गर्यौं कि गरेन त्यसको रिपोट बन्यो कि बनेन त्यसको इए रिपोर्ट बन्यो कि बनेन त्यसको विपिआरको अवस्था कहाँ पुगेको छ । यो सम्मानित सदनमा यसको जानकारी गराउन म हार्दिक अनुरोध गर्न चाहान्छु । यसका साथसाथै प्रदेश सरकारमा महत्वकांक्षी र लोकप्रिय कार्यक्रमका रुपमा आएका औषधी कम्पनी खोल्ने सहकारी पसलहरु संचालन गर्ने प्रदेश पशु सेवा संचालन गर्ने कुराहरु पनि आएका थिए हामीले जनताका बिचमा भनेका छौं । यो कार्यक्रमले जनतालाइ खुशी बनाउने छ । यसको बारेमा पनि मन्त्रालयहरुले काम गरिरहेका होलान जसको बारेमा कामको प्रगति सहित यहाँ पेश गरिदिन हुन म सम्बन्धित मन्त्रिज्यूहरुको ध्यानाकर्षण गराउन चाहान्छु । यसका साथसाथै मैले यो प्रदेश मलाइ लाग्छ यो प्रदेशमा राष्ट्रिय योजना आयोग, प्रदेश योजना आयोग

बन्नु पर्छ कि पर्दैन धेरै विज्ञ भएका यो हाम्रो प्रदेश भएका कारणले नबनेको हो कि या अरु प्रदेशका मानिसहरुले नजानेका हुन् त्यसको बारेमा मलाइ जिज्ञासा राख्न मन परेको छ । किनकी अरु प्रदेशमा योजना आयोग बनेर योजनालाइ कसरी अगाडी बढ्ने भन्नेमा छलफल चल्छ तर हाम्रो प्रदेशमा यस बारेमा कुनै पनि छलफल चलेको मैले चुनेन म नगएको पनि हुन सक्छु त्यस्को बारेमा पनि जानकारी गराउन म अनुरोध गर्दछु । अर्को यहाँ मैले कर्मचारी भर्ना, स्वयंसेवक भर्नाको कुरा ३ महिना पहिले भएको हो अहिलेसम्म स्वयंसेवक कमर्चारी भर्ना भइसकेका हुन् कि मैले जानकारी नपाएको हो । मलाइ लाग्छ केही भए केही भएन भन्ने सुनिन्छ त्यो किन भएन त्यो पनि सम्बन्धित मन्त्रिज्युले राख्न म अनुरोध गर्दछु । भर्खरै मुख्यमन्त्रि कप खेल प्रतियोगिता हुदा म पनि आए । म त हिजो अली ८/१० दिन बाहिर बसेर आएपछि आज आउदा खेरी बडा खुशी लाग्यो । म त दगुरी दगुरी भएँ । म त कन्फ्युज भएछु कि भन्ने लाग्यो । मैले त सोच्या के थियो भने मैले नबुझ्या पनि हुन सक्छ । मुख्यमन्त्री कप भनेको छ यो प्रदेश भित्रका सबै जिल्लाहरुको खेलकुद गराउने पो हो कि भनेर सोच्या थे बजेटमा त आजत अन्तरप्रदेश पो रैछ । भनेपछि प्रदेश भरीका खेलकुद गराइसकेपछि अन्तरप्रदेशमा पुगिसक्या हौं कि प्रदेशमा चाहिदै चाहिदैन। जिल्ला जिल्लाका खेलकुदै गर्नुपर्दैन कि या हाम्रो प्रदेश यति अगाडी बडिसक्यो कि यहाँ कुनै तलबाट छनौट गर्ने कुनै विधि र प्रकृया चाहिदैन कि या त्यस्तो मैले नजानेको पनि हुन सक्छ । म बाहिर भएको हुनाले यहाँ माननीयज्यूहरुलाई थाहा होला कि यो खालको गतिविधि भएको हो कि त्यस्को बारेमा पनि बजेटमा मैले जाने अनुसार मुख्यमन्त्री कप थियो तर अन्तरप्रदेशीय कप कसरी भयो । या भएकै हो कि मैले नजानेको यसको बारेमा पनि स्पष्ट गरिदिन हुन म हार्दिक अनुरोध गर्दछु र यही बिचमा अहिले दार्चुलामा अस्ती भएको सवारी दुर्घटनामा ११ जनाको मृत्यु भएको छ र यसको बारेमा र अन्य जिल्लाहरुमा पनि सवारी दुर्घटना पनि बढ्दो अवस्थामा छ । यसलाइ नियन्त्रण गर्नका लागि प्रदेश सरकारले के कस्तो कारवाही गरिरहेको छ र यसको साथसाथै प्रदेशमा कानून बन्ने सवालमा पनि प्रदेश दैवी प्रकोप नियन्त्रण सम्बन्धी विधेयक लगायत युवा स्वरोजगार संचालन सम्बन्धी विधेयक मैले आज पाएको छु र विभिन्न विधेयकहरु जस्का कारणले हामीले सोचेका छौ योजना संचालन तथा प्रकृयागत सम्बन्धी विधेयक अहिले उपभोक्ता समिति कुन कानूनले गर्दैछौं । खरिद ऐन २०६३, संशोधन २०७० ले प्रदेश सरकारका योजना छनौट गर्ने उपभोक्ता समिति कम गर्ने टेण्डर आयोजना गर्ने खालको कामहरुको बारेमा पनि प्रदेश सरकारका योजना छनौट र योजना संचालन सम्बन्धी विधेयकको बारेमा के कति प्रगति भइरहेको छ सम्बन्धित मन्त्रिज्यूहरुले यो भन्दा पहिले पनि मैले ध्यानाकर्षण गर्न चाहे यो सभाले पटक पटक निर्देशन दिने सभामुखले निर्देशन दिने तर कसै मन्त्रिले यहाँ आएर स्पष्टिकरण नदिने र कुन कुन भाषामा यो गर्ने हो भने सार्वजनिक महत्वको प्रस्ताव दर्ता गरिन्छ र त्यसपछि राज यहाँ खडा गरिन्छ । र प्रदेशका जनताको अभिमतको लागि प्रत्येक प्रत्येक सज्जन मन्त्रीहरुले जवाफ दिनुपर्ने हुन्छ । यसको लागि अब चुप बस्न सकिने अवस्था छैन । चाहे त्यो राष्ट्रियताको सवाल होल चाहे अखण्डताको सवाल होस चाहे यो क्षेत्रभित्र शान्ति सुरक्षाको

सवाल होस अब गम्भिर भएर सरकार लागेन पनि यसको परिणति धेरै गम्भिर हुनेछ भन्दै आफ्नो भनाइ टुङ्ग्याछु हओस धन्यवाद ।

**माननीय देवकी मल्ल,**

माननीय सभामुख महोदय, अन्तर प्रदेशीय खेलकुद मुख्यमन्त्री खेलकुद कप जो चलिराखेको छ यो नयाँ कामको थालनी भएको छ । यसको सफलताको शुभकामना दिन चाहान्छु । यसका कमजोरीहरु वा यसको नपुगेका कुराहरुको समिक्षा यसको समाधान पछि गरौंला तर यसको सफलताको लागि हामी सबैले लाग्ने कुरा नै मेन कुरा हो भन्ने मलाइ लाग्दछ । अर्को कुरा प्रदेश सरकार प्रदेश सभा निर्माण भएको एक वर्ष भन्दा बढी भएको परिवेशमा प्रदेश सरकारले प्रदेश सभाले गरेका काम कार्यहरुको बारेमा सहित म बझाङ जिल्लाको स्वास्थ्य शिविर उद्घाटन देखी लिएर सुदूरपश्चिम महिला भलिवल उद्घाटन देखी महिलाको जिल्ला महिला संजाल अधिकार मंच लगायत जिल्लाका महत्वपूर्ण महिला साथीहरुको विचमा अन्तरकृया कार्यक्रम देखी लिएर बार्षिक उद्घाटन कार्यक्रमहरुको लागि म जिल्लामा गएको थिएँ । कार्यक्रमहरु रफ्तारमै थिए । म एकदिनमा दुइटा तिनवटा कार्यक्रमको उद्घाटन गर्दै समग्र समसामयिक विषयहरुको बारेमा जनतासँग महत्वपूर्ण सबै समुदाय देखी सबै वर्ग सँग छलफल गर्दै म अगाडी बडिराखेकी थिए । हुँदै आउदा ८ मार्च नारी दिवस श्रमिक महिला दिवसको कार्यक्रम पनि तेही अवसरमा पर्यो । त्यो कार्यक्रमको दौडानमा एक ठाउमा सिलाइ कटाइ र स्वास्थ्य शिविरको कार्यक्रम उद्घाटन गरेर ८ मार्चको नारी दिवशको कार्यक्रममा म हतारमा जाँदै थिएँ । बाटोमा मलाइ लाग्छ नेत्र विक्रम चन्दको पाटीका मान्छे हुन् म ठोकुवाका साथ भन्छु वाहाँहरुले जुन खालको मसँग व्यवहार गरे जसरी मलाइ वाहाहरुले झुक्याएर मैले हिजो चिनेको नेता वा सँगै काम गरेको वाहाहरुसँग हुनुहुन्छ अहिले कम्रेट भृकुटी । भृकुटीले तपाइलाइ बोलाउनु भएको छ ५ मिनेट मात्रै भेट्न खोज्नु भएको छ । जसरी पनि जाउँ भनेर वाहाँहरुले भनेपछि मैले भने म हतारमा छु । ८ मार्चको कार्यक्रम चलिराखेको छ । नारी दिवश हो आज संसार भरी वा देशै भरी सबै प्रदेश गाउँपालिका भरी यो कार्यक्रम चलिराखेको छ । १ बजिसकेको छ । तपाइहरु मलाइ रोक्दै हुनुहुन्छ । आज त हाम्रो हकको कुरा हो । अधिकारको कुरा हो म साँसद भएपनि एउटा नारी पनि हो । चिप गेस्टको लागि साथिहरु पर्खी बस्नुभएको छ । जनताहरु पर्खिबस्नु भएको छ । किन रोक्दै हुनुहुन्छ भनेर मैले प्रतिकार गर्न खोजें । तर उहाँहरुले मान्ने अवस्थामा हुनुहुन्थेन । वा कताहो त जाउ भेटघाटमा भनेर म भेटघाटमा माथि गएँ । माथि जाँदै गर्दा एक घण्टा उकालो चडिसकेपछि पनि उहाँहरुले भनेको मान्छे भेटिएन । नभेटिसकेपछि मैले कुरा गरे मैले उहाँहरुसँग तपाइ भाइहरु किन मलाइ माथि माथि लिदै हुनुहुन्छ । मत कार्यक्रममा जानको लागि हतारमा छु । उता मान्छे पर्खि बस्नु भएको छ भनेर कुरा दोहोर्याउदा पनि उहाँहरुले भन्नु भयो । भृकुटीसँग होइन हामीसँग छलफल गर्न ल्याएको हो तपाइलाइ भनेर विभिन्न कुराहरु राखु भयो वाहाहरुले । अछाममा वाहाहरुको महिला संगठनको केन्द्रीय अध्यक्ष बन्दु चन्द अछाममा गिरफ्तार पर्नु भएको रहेछ । हाम्रो नेतालाइ अछाममा गिरफ्तार गर्ने भित्र

थुन्ने । तपाइले यहाँ महिलाहरुको कार्यक्रम गर्दै हिड्ने हामीले पनि तपाइलाइ थुन्न सक्छु नि । तपाइको गृहमन्त्रीले तपाइको प्रधानमन्त्रीले विभिन्न खालका कुरा गर्दै जाने हाम्रो बारेमा हाम्रो पाटीको बारेमा । निर्मला पन्तको हत्यारालाइ मतलव अहिलेसम्म खोज्न सक्नु भएन तपाइहरुले भन्ने खालका यावत कुराहरु उहाँहरुले गर्नुभयो । मैले मतलव वाहाहरुको नियन्त्रणमा थिए । तर मैले जवाफ त दिए वाहाहरुसँग । भन्दै त्यसपछिडि ढाइ तिन घण्टाको समयपछि वाहाहरुले मलाइ छोड्नु भयो । तपाइ नरिसाउनु होला । तपाइसँगको विषय मात्र होइन । राज्यसँगको सवाल हो । तपाइको त्रुटी खास केही छैन भनेर मलाइ थर्काउनु भयो वाहाहरुले । त्यसैले आदरणीय सभामुख महोदय म यो सभामा के राख्न चाहान्छु भने सायद यो घटना यो देशको जुन मतलव अभियानमा हामी छौं । यो प्रदेशको योजनामा हामी छौं यो कतिको राम्रो होइन । मेरो बुझाइ मैले जे भोगे मैले जे महसुस गरें । त्यो कोणबाट मैले कत्तिपनि यो राम्रो संकेत देखिराखेको छैन । म यो कार्यको घोर भर्सना गर्न चाहान्छु । तर विभिन्न म यहाँ आग्रह गर्न चाहान्छु । बझाङ्ग जिल्लाको सेक्रेटरी मेरो भाइ भएको कारणले विभिन्न खालका टिकाटिप्पणीहरु मान्छेले जे मन लाग्यो त्यो लेख्दै गइराखेको पनि मैले पाएँ । म आग्रह गर्न चाहान्छु बस्तु वा घटनाको यथार्थता के हो तथ्य के हो त्यसमा आधारित भएर सबैले सोचिदिन हुन म आग्रह गर्न चाहान्छु । मान्छेको मनमा जे लाग्यो । मान्छेले जे बुझ्यो जुन कोण एंगलबाट मान्छेले बुझ्छ व्याख्या गर्दै जाने हो भने हामी कही कतै पनि निष्कर्शमा पुग्न सक्दैनौ भन्ने मेरो आग्रह हो । यसो गर्न हुँदैन तथ्यमा सबैले विषय मतलव त्यो घटनामा के भएको हो त्यहाँ यथार्थता के थियो त्यो त ऐतिहासिक कुरा हो भोली इतिहास बन्दै जाला वाहाहरुकै अगाडी तपाइहरुले गरेको कृयाकलाप यो हो भनौला त्यो बेला आउला । त्यो कुनै लुकाउने छिपाउनु छैन तर यसरी नबुझिदिन हुन म आग्रह गर्न चाहान्छु । र अर्को कुरा अब सरकारका कुराहरुमा म त के लाग्छ भने दुइ तिहाइको सरकार जे पनि गर्न थाल्यो भन्ने भन्दा पनि दुइ तिहाइको सरकारलाइ केही पनि गर्न नदिने किसिमको वातावरण कसैबाट हुनु भएन । देशमा विभिन्न खालका राजनीतिक समूहहरु छन् । टिम हरु छन् । लोकतान्त्रिक विधिबाट नै होला सायद हो सरकारले सबैसँग वार्ताको महल बनाउने कुरा । सबैलाइ राजनीतिक मुलधारमा ल्याउने कुरा अहिलेको मेन कुरा हो त्यो उदेश्यका साथ सरकार अघि बढि राखेको छ भन्ने लागेको मलाइ भित्रै देखी । त्यो अन्तरगत नै सिके राउत देखी अरु समूहहरुलाइ पनि देशको मतलव राजनीतिक मुलधारमा ल्याउनु पर्दछ भन्ने मेरो सरकारसँग आग्रह पनि हो । नेत्रविक्रम चन्दको पार्टीलाइ पनि प्रतिवन्ध लाउनु भन्दा वाहाहरुका विषयवस्तुहरु के हुन् वाहाहरुले साँच्चीकै राष्ट्र र जनताको बारेमा के सोचेको छ त त्यो विषयमा सरकारले विशेष ध्यान दिएर वाहाहरुलाइ वार्तामा ल्याउनु पर्छ भन्ने मेरो व्यक्तिगत आग्रह पनि हो । तर राष्ट्र निर्माणको अभियानमा जाउ भन्ने समृदी देश बनाउने राष्ट्र बनाउने भन्ने साना तिना कुरामा प्रत्येक प्रक्षको हिसाबले वा बाहिर संघर्षमा बस्ने विभिन्न समूहले यो देशमा विडण्डता फैलाउने कुराहरु सरकारलाइ अप्ठ्यारो पार्ने कुराहरु हरेक योजनामा अप्ठ्यारो पार्दै जाने कुराहरु यो देशको हितमा छैन यस्ले सकैलाइ भलो पनि गर्दैन । त्यसैले सबैले युनिफाइड भएर अगाडी जानु अहिलेको आवश्यकता हो । राज्यले पनि बाहिर रहेका

सम्पूर्ण समूहहरु, टिमहरु, पार्टीहरुलाइ राजनीतिक मुलधारमा ल्याउनु अहिलेको आवश्यकता हो । अरु कुरा भन्दा भन्ने कुरा राख्दै म विदा हुन्छु हओस त धन्यवाद ।

*(बोली सकेपछि)*

३. **माननीय सदस्यहरु,**

आजको विशेष समय यही समाप्त हुन्छ ।

४. **माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि कुनै पनि माननीय सदस्यहरुको प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ बमोजिम विरोधको सूचना प्राप्त हुन नआएको जानकारी गराउँछु ।

५. **माननीय सदस्यहरु,**

अब, म आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहरालाई प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ को उपनियम (१) बमोजिम संक्षिप्त बक्तव्य सहित **"सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** लाई सभा समक्ष टेबुल गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय आर्थिक वर्ष २०७५/७६ को बजेट प्रदेश सभामा प्रस्तुत गर्दा हामीले यो प्रदेशमा प्रदेश स्वरोजगार विकास कोष संचालन गर्ने व्यवस्था गरेका थियौं । यो विधेयकले यो प्रदेशमा स्वरोजगार निर्माण गर्नुको साथसाथै यो प्रदेशका गरिवीको रेखामुखी रहेका या जुनसँग धितो लिएर कर्जा कारोवार गर्न सक्ने क्षमता छैन । त्यसता युवाहरुलाइ आत्मनिर्भर बनाउनको लागि यो विधेयकको मस्यौदा गरिएको छ । विशेष गरेर यस्को प्रस्तावनामा नै के लेखिएको छ भने पूजी एवं लगानीका स्रोत अभाव भएका प्रदेशका बेरोजगार जनशक्तिलाइ सीप सिचाइ उद्यमशीलताको विकास उत्पादनमा अभिवृद्धि रोजगारीका अवसरको सृजना गर्न एवं विना धितो सौलियत दरमा कर्जा प्रवाह गरी सो देशमै स्वरोजगार बनाउन र सुदूरपश्चिम प्रदेशमा गरिवी निवारण तथा आर्थिक समानता कायम गर्न वान्छनीय भएकोले नेपालको संविधानको धारा १९७ बमोजिम प्रदेश सभाले यो ऐन बनाएको छ भनेर हामीले प्रस्तावमा पनि उल्लेख गरेका छौं । यो विधेयक प्रदेश सभाबाट स्वीकृत भए पश्चात यो प्रदेशका विकट पहाडी हिमाली तराइ क्षेत्रमा तथा ८८ वटा स्थानीय तहमा यसको पहुच पुगाउने उदेश्य रहेको छ । यो विधेयकको मस्यौदा हुँदा हामीले मन्त्रिपरिषदबाट स्वीकृति गरेर सैद्धान्तिक स्वीकृति प्राप्त भइसके पछि कानून मन्त्रालयबाट हामीले सहमती प्राप्त गर्यौ र विधेयक तर्जुमा भइसकेपछि पुनः कानून मन्त्रालयबाट राय सल्लाह र सहमती प्राप्त गरी मन्त्रिपरिषदबाट स्विकृत भए पश्चात यो प्रदेश सभामा टेबुल गर्न गइराखेका छौं । कानूनी र विधि प्रकृयाहरु अप्नाएर यो टेबुलको प्रकृया अगाडी बढेको छ । सिप नसिकेका लाइ पनि सिप सिकाएर सिप सिकेकालाइ पनि हामीले शैक्षिक प्रमाणपत्रको आधारमा वा नागरिकता

प्रमाणपत्रको आधारमा हामीले कर्जा प्रवाह गर्ने नीति लिएका छौं । यसले आमुल परिवर्तन समाजमा लिने छ भन्ने अपेक्षा गरेका छौं । यसमा लक्षित वर्ग तोकिएको छ र लक्षित वर्गलाइ विशेष हामीले जाती, भूगोल, वर्ग, जनजाती, एकल महिला, दलित यी सबैलाइ अथवा गरिवीको रेखामुखी रहेका हाम्रा प्रदेशका दाजुभाइ तथा दिदिबहिनीहरुलाइ हामीले यो स्वरोजगार कोष मार्फत स्वआर्जन गराएर आत्मनिर्भर बनाउने हामीले लक्ष्य राखेका छौं । त्यसैले यो कार्यक्रम पश्चात सामाजिक र आर्थिक कृयाकलापमा रुपान्तर हुनेछ । हामीले हिजो भनेका थियौं । हामी विदेश जानबाट अन्त गर्न चाहान्छौं हाम्रा युवालाइ । मलाइ लाग्छ पुजीको अभावमा, स्रोतको अभावमा र रोजगारीको अभावमा हाम्रा जुन जनशक्तिहरु पलायन भइ राखेका छन् अथवा जुन जनशक्तिहरु अहिले निस्कृय भएर बसिराखेका छन् वाहाहरुको लागि यो कोषेढुंगा सावित हुनेछ भन्ने मैले अपेक्षा गरेको छु । म दफावार छलफल त यहा पछि हुनेनै छ । आजको दिनमा यस गरिमामय प्रदेश सभामा सुदूरपश्चिम प्रदेशका स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक टेबुल गर्न अनुमती चाहान्छु र टेबुल गर्दछु धन्यवाद ।

***(टेबुल गरेपछि)***

६. **माननीय सदस्यहरु,**

अब **"सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथिको आजको कार्वाहि यही समाप्त हुन्छ ।

७. **माननीय सदस्यहरु,**

अब **"प्रदेशको बाताबरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथिको कार्वाही प्रारम्भ हुन्छ ।

८. **माननीय सदस्यहरु,**

**"प्रदेशको बाताबरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि दफावार छलफल पश्चात अर्थ विकास तथा प्राकृतिक स्रोत समितिबाट तयार भएको प्रतिबेदन सचिवालयमा दर्ता हुन आएको जानकारी गराउँछु ।

***(जानकारी गराएपछि)***

९. **माननीय सदस्यहरु,**

अब म अर्थ विकास तथा प्राकृतिक स्रोत समितिका सभापति माननीय हर्क बहादुर कुवँरलाई **"प्रदेशको बाताबरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि दफावार छलफलको कार्य समाप्त भए पश्चात तयार पारिएको प्रतिबेदनलाई प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय सभामुखज्यू,
प्रदेश सभा, सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली, नेपाल ।

मिति २०७५।११।२७

विषय :- **प्रदेशको वातावरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५** सम्बन्धी प्रतिबेदन ।

माननीय सभामुख महोदय,

सुदूरपश्चिम प्रदेश सभाको मिति २०७५।११।१३ गते बसेको तेस्रो अधिवेशनको १० औं बैठकको निर्णय अनुसार सुदूरपश्चिम "**प्रदेशको वातावरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५**" लाई यस अर्थ विकास तथा प्राकृतिक स्रोत समितिको ३६ देखि ४० औंसम्म ५ पटक आमन्त्रित वीज्ञ समेतको बैठक बसी विस्तृतरुपमा दफावार छलफल गरि समितिको निर्णय सहितको प्रतिबेदन पेश गरिएको छ ।

दफावार छलफलका बैठकमा देहाय बमोजिमका माननीय मन्त्रीज्यू, माननीय राज्यमन्त्रीज्यू एवं माननीय सदस्यज्यूहरुको उपस्थिति रहेको थियो ।

**देहाय**

१. माननीय दीर्घ बहादुर सोडारी -सदस्य
२. माननीय देवराज पाठक -सदस्य
३. माननीय अक्कल बहादुर रावल -सदस्य
४. माननीय अम्बी कुमारी थापा -सदस्य
५. माननीय कृष्ण बहादुर चौधरी -सदस्य
६. माननीय गोविन्दराज बोहरा -सदस्य
७. माननीय प्रेम प्रकाश भट्ट -सदस्य
८. माननीय पूर्णा जोशी -सदस्य
९. माननीय महेशदत्त जोशी -सदस्य
१०. माननीय रतन बहादुर थापा -सदस्य

**विशेष आमन्त्रीत**

११. माननीय उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माया भट्ट
१२. माननीय उद्योग, पर्यटन, वन तथा वातावरण राज्यमन्त्री प्रकाश रावल

**आमन्त्रीत**

१३. माननीय तारालामा तामाङ्ग - प्रमुख सचेतक सत्तापक्ष
१४. माननीय कुमारी नन्दा बम - सभापति (सार्वजनिक लेखा समिति)
१५. माननीय अम्मर बहादुर साउद - प्रदेश सभा सदस्य
१६. माननीय श्यामलाल राना- प्रदेश सभा सदस्य
१७. माननीय बलदेव रेग्मी- प्रदेश सभा सदस्य

दफावार छलफल समाप्त भए पश्चात प्रस्तुत विधेयकमा देहाय बमोजिम संशोधन हुनको लागि निर्णयार्थ सभामा प्रस्तुत हुनुपर्ने यस समितिको सर्वसम्मत निष्कर्ष रहेको व्यहोरा माननीय सभामुखज्यू समक्ष अनुरोध गर्दछु ।

## संशोधन तथा थप हुनुपर्ने विषयहरु

| क्र.स. | दफा | विधेयकमा रहेको साविक व्यवस्था | संशोधन वा थप हुनुपर्ने व्यवस्था |
|---|---|---|---|
| १ | प्रस्तावना | वातावरणीय ह्रासबाट मानव जाति, जीवजन्तु, वनस्पति, प्रकृति तथा भौतिक वस्तु माथि हुन सक्ने प्रतिकूल प्रभावलाई यथाशक्य कम गरी नागरिकको स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने हकलाई सुनिश्चित गर्न र प्राकृतिक स्रोतको समुचित उपयोग र व्यवस्थापनबाट वातावरण संरक्षण गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा १९७ बमोजिम प्रदेश सभाले यो ऐन बनाएको छ । | **स्वच्छ वातावरणको संरक्षण सम्बर्द्धन गर्न,** वातावरणीय **असन्तुलन र** ह्रासबाट मानव जाति, जीवजन्तु, वनस्पति, प्रकृति, **वायुमण्डल** तथा भौतिक वस्तु माथि हुन सक्ने प्रतिकूल **असरलाई** कम गरी **मानवजाति तथा सम्पूर्ण जीव जगतलाई** स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने हकलाई सुनिश्चित गर्न र प्राकृतिक स्रोतको समुचित उपयोग र व्यवस्थापनबाट वातावरण संरक्षण गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा १९७ बमोजिम प्रदेश सभाले यो ऐन बनाएको छ । |
| २ | | **प्रस्ताव स्वीकृतिको लागि पेश गर्नु पर्नेः** कुनै प्रस्ताव कार्यान्वयन गर्न चाहने प्रस्तावकले सो प्रस्तावको तोकिए बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी प्रतिवेदन संलग्न गरी त्यस्तो प्रस्ताव स्वीकृतिको लागि सम्बन्धित निकायमार्फत् मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ । | **प्रस्ताव स्वीकृतिको लागि पेश गर्नु पर्नेः** कुनै प्रस्ताव कार्यान्वयन गर्न चाहने प्रस्तावकले सो प्रस्तावको तोकिए बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी प्रतिवेदन संलग्न गरी त्यस्तो प्रस्ताव स्वीकृतिको लागि सम्बन्धित निकायमार्फत् मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ । **प्रारम्भिक वातावरणीय परीक्षणको हकमा मन्त्रालयले उक्त प्रस्ताव उपर १५ दिन भित्र निर्णय दिनु पर्नेछ।** |
| ३ | | (२) उपदफा (१) विपरीत कसैले कुनै कार्य गरी वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पारेको देखिएमा सम्बन्धित निकायले तत् सम्बन्धमा आवश्यक शर्तहरु तोक्न वा त्यस्तो कार्य गर्न नपाउने गरी रोक लगाउन सक्नेछ । | (२) उपदफा (१) विपरीत कसैले कुनै कार्य गरी वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पारेको **प्रमाणित भएमा** सम्बन्धित निकायले तत् सम्बन्धमा आवश्यक शर्तहरु तोक्न वा त्यस्तो कार्य गर्न नपाउने गरी रोक लगाउन सक्नेछ । |
| ४ | | (३) कुनै किसिमको पदार्थ, इन्धन, औजार वा संयन्त्रको प्रयोगबाट वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव परेको वा पर्ने देखिएमा मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो पदार्थ, इन्धन, औजार वा | (३) कुनै किसिमको पदार्थ, इन्धन, औजार वा संयन्त्रको प्रयोगबाट वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव परेको वा पर्ने **प्रमाणित भएमा** मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो पदार्थ, इन्धन, औजार वा संयन्त्रको प्रयोगमा बन्देज लगाउन |

| | | | |
|---|---|---|---|
| | | संयन्त्रको प्रयोगमा बन्देज लगाउन सक्नेछ । | सक्नेछ । |
| ५ | | (३) उपदफा (२) को खण्ड (क), (ख) र (ग) बमोजिम निरीक्षण गर्ने सिलसिलामा वातावरण निरीक्षकले सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकलाई पूर्व सूचना दिई कुनै घर, जग्गा, भवन, कारखाना, उद्योग, सवारी साधन, औद्योगिक संयन्त्र, औजार, मेशिनरी, जीव, वस्तु, अभिलेख, कागजात वा अन्य मालसामान वा वस्तुहरुको निरीक्षण, परीक्षण वा जाँचबुझ गर्न सक्नेछ । | (३) उपदफा (२) को खण्ड (क), (ख) र (ग) बमोजिम निरीक्षण गर्ने सिलसिलामा वातावरण निरीक्षकले **प्रयोगशालामा परीक्षण गरी** सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकलाई पूर्व सूचना दिई कुनै घर, जग्गा, भवन, कारखाना, उद्योग, सवारी साधन, औद्योगिक संयन्त्र, औजार, मेशिनरी, जीव, वस्तु, अभिलेख, कागजात वा अन्य मालसामान वा वस्तुहरुको निरीक्षण, परीक्षण वा जाँचबुझ गर्न सक्नेछ । |
| ६ | | (१) प्रदेशमा रहेका सम्पदाको संरक्षण गर्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ । | (१) प्रदेशमा रहेका सम्पदाको संरक्षण गर्नु सम्बन्धित निकाय **वा स्थानीय तह**को कर्तव्य हुनेछ । |
| ७ | | (२) तोकिएका वा सम्बन्धित निकायले प्रदेश भित्रका विश्व सम्पदा सूचीमा परेका वस्तु वा स्थलहरू लगायतका सम्पदाको पञ्जिका तयार गरि अभिलेख राख्नु पर्नेछ। | (२) तोकिएका वा सम्बन्धित निकाय **वा स्थानीय तह**ले प्रदेश भित्रका विश्व सम्पदा सूचीमा परेका वस्तु वा स्थलहरू लगायतका सम्पदाको पञ्जिका तयार गरि अभिलेख राख्नु पर्नेछ। |
| ८ | | (३) उपदफा (२) बमोजिमको पञ्जिकामा समावेश भएका वस्तु, स्थल, वनस्पति, जीवजन्तु, आदिको संरक्षण तोकिए बमोजिम गरिनेछ । | (३) उपदफा (२) बमोजिमको पञ्जिकामा समावेश भएका वस्तु, **लगायतका सम्पदाहरुको पंजिका तयार गरी अभिलेख राख्ने तथा** स्थल, वनस्पति, जीवजन्तु, आदिको संरक्षण तोकिए बमोजिम गरिनेछ । |
| ९ | | (१) प्रदेश सरकारले वातावरण संरक्षणका दृष्टिले अति महत्वपूर्ण मानिने प्राकृतिक सम्पदा, सौन्दर्यपरक स्थल, दुर्लभ वन्यजन्तु, वनस्पति वा जैविक विविधतायुक्त स्थल वा ऐतिहासिक वा सांस्कृतिक महत्वको स्थललाई संघिय कानुनको अधिनमा रही प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी वातावरण संरक्षण क्षेत्र कायम गर्न सक्नेछ । | (१) प्रदेश सरकारले वातावरण संरक्षणका दृष्टिले अति महत्वपूर्ण मानिने प्राकृतिक सम्पदा, सौन्दर्यपरक स्थल, दुर्लभ वन्यजन्तु, वनस्पति वा जैविक विविधतायुक्त स्थल वा ऐतिहासिक वा सांस्कृतिक महत्वको स्थललाई संघिय कानुन**संग नबाझिने गरी** प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी वातावरण संरक्षण क्षेत्र कायम गर्न सक्नेछ । |
| १० | | (२) कुनै सडक, भवन, नदी व्यवस्थापन, शहरी योजना वा अन्य कुनै भौतिक पूर्वाधार निर्माण गर्दा प्रचलित संघीय कानूनसंग नवाझिने गरि सम्बन्धित निकायसँगको समन्वयमा प्रदेश सरकारले कुनै क्षेत्र वा | (२) कुनै सडक, भवन, नदी व्यवस्थापन, शहरी योजना वा अन्य कुनै भौतिक पूर्वाधार निर्माण गर्दा प्रचलित संघीय कानूनसंग नवाझिने गरि सम्बन्धित निकायसँगको समन्वयमा प्रदेश सरकारले कुनै क्षेत्र वा क्षेत्रफल निर्धारण गरी कुनै क्षेत्र विशेषलाई |

| | | | |
|---|---|---|---|
| | | क्षेत्रफल निर्धारण गरी कुनै क्षेत्र विशेषलाई वातावरण संरक्षण गर्ने उद्देश्यले खुला वा हरियाली क्षेत्रको रुपमा तोक्न सक्नेछ । | वातावरण संरक्षण गर्ने उद्देश्यले खुला वा हरियाली क्षेत्रको रुपमा तोक्न **वा घोषणा गर्न** सक्नेछ । |
| ११ | | (६) उपदफा (५) बमोजिमका क्षेत्रको जोखिम घटाउन सुझाएका सुझावहरु कार्यान्वयन गर्नु र सार्वजनिक सुरक्षाको प्रबन्ध मिलाउन स्थानीय सरकारको समेत दायित्व रहनेछ । | (६) उपदफा (५) बमोजिमका क्षेत्रको जोखिम घटाउन सुझाएका सुझावहरु कार्यान्वयन गर्नु र सार्वजनिक सुरक्षाको प्रबन्ध मिलाउन स्थानीय **तह**को समेत दायित्व रहनेछ । |
| १२ | | **सहुलियत तथा सुविधा प्रदान गर्न सक्नेः** वातावरण संरक्षणमा सकारात्मक प्रभाव पार्ने कुनै उद्योग, व्यवसाय, प्रविधि वा प्रकृयालाई प्रोत्साहित गर्न प्रचलित कानून बमोजिम तोकिएको सहुलियत तथा सुविधा प्रदेश सरकारले प्रदान गर्न सक्नेछ । | **सहुलियत तथा सुविधा प्रदान गर्न सक्नेः** वातावरण संरक्षणमा सकारात्मक प्रभाव पार्ने कुनै **व्यक्ति, संस्था** उद्योग, व्यवसाय, प्रविधि वा प्रकृयालाई प्रोत्साहित गर्न प्रचलित कानून बमोजिम तोकिएको सहुलियत तथा सुविधा प्रदेश सरकारले प्रदान गर्न सक्नेछ । |
| १३ | | (२) कसैले दफा ६ बमोजिम प्रस्ताव स्वीकृत नगराई वा स्वीकृत प्रस्ताव विपरीत कुनै कार्य गरेमा तोकिएको अधिकारीले दफा ७ मा उल्लेखित व्यवस्थाको अतिरिक्त त्यस्तो कार्य गर्ने व्यक्ति वा संस्थालाई कसूरको मात्रा हेरी एक लाख रुपैयाँदेखि पच्चिस लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ । | (२) कसैले दफा ६ बमोजिम प्रस्ताव स्वीकृत नगराई वा स्वीकृत प्रस्ताव विपरीत कुनै कार्य गरेमा तोकिएको अधिकारीले दफा ७ मा उल्लेखित व्यवस्थाको अतिरिक्त त्यस्तो कार्य गर्ने व्यक्ति वा संस्थालाई क्षतिको मात्रा यकिन गरी एक लाख रुपैयाँदेखि पच्चिस लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ । |

माननीय सभामुख महोदय,

उपरोक्त संशोधन तथा थप हुनुपर्ने विषयहरु **"प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** मा समावेश गरि उक्त विषयलाई विधेयकको अंग बनाइ सभामा निर्णयार्थ प्रस्तुत हुन सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १६० बमोजिम यो प्रतिबेदन प्रस्तुत गरेको छु । अन्तमा यो प्रतिबेदन तयार पार्न सहयोग पुऱ्याउने सचिवालयका कर्मचारी सहित सम्पूर्ण अर्थ विकास तथा प्राकृतिक स्रोत समितिका माननीय सदस्यज्यूहरु प्रति हार्दिक आभार व्यक्त गर्दै धन्यवाद दिन चाहान्छु ।

**प्रस्तुतकर्ता**

माननीय हर्क बहादुर कुँवर

सभापति

अर्थ विकास तथा प्राकृतिक स्रोत समिति

सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

(प्रतिबेदन प्रस्तुत गरेपछि)

१०. **माननीय सदस्यहरु,**

**“प्रदेशको बाताबरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५”** माथिको आजको कार्वाहि यही समाप्त हुन्छ ।

११. **माननीय सदस्यहरु,**

अब **“प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५”** माथिको कार्वाही प्रारम्भ हुन्छ ।

१२. **माननीय सदस्यहरु,**

**“प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५”** माथि दफावार छलफल पश्चात विधायन तथा प्रदेश मामिला समितिबाट तयार भएको प्रतिबेदन सचिवालयमा दर्ता हुन आएको जानकारी गराउँछु ।

१३. **माननीय सदस्यहरु,**

अब म विधायन तथा प्रदेश मामिला समितिका सभापति माननीय नेपालु चौधरीलाई **“प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५”** माथि दफावार छलफलको कार्य समाप्त भए पश्चात तयार पारिएको प्रतिबेदनलाई प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय नेपालु चौधरी,**

माननीय सभामुखज्यू,
प्रदेश सभा, सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली, नेपाल ।

मिति २०७५।११।१३

विषय :- **प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५, विधायन तथा प्रदेश मामिला समितिको प्रतिबेदन ।**

माननीय सभामुख महोदय,

सुदूरपश्चिम प्रदेश सभाको मिति २०७५।१०।१८ बसेको तेस्रो अधिवेशनको चौथो बैठकको निर्णय अनुसार प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि प्राप्त संशोधन सहित दफावार छलफल गरि समितिको निर्णय सहितको प्रतिबेदन पेश गर्न यस समितिको मिति

२०७५।१०।२८ र २९ गतेका दिन तेस्रो अधिवेशनको तेस्रो र चौथो बैठक बसि विधेयक सम्बन्धमा दफावार छलफलको कार्य प्रारम्भ भएको थियो । यस समितिको तेस्रो बैठक २०७५।१०।२८ गते १०:३० बजेबाट १२:३० बजे सम्म र चौथो बैठक २०७५।१०।२९ गते ११:०० बजे देखि ०२:०० बजे सम्म गरि जम्मा २ पटक बैठक बसि ५ घण्टा सम्म प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि छलफल भई दफावार छलफलको कार्य समाप्त भएको थियो ।

दफावार छलफलका क्रममा सम्पन्न उक्त बैठकमा देहाय बमोजिमका माननीय सदस्यज्यूहरुको उपस्थिति रहेको थियो ।

**देहाय**

१. माननीय तारालामा तामाङ्ग

२. माननीय श्याम लाल राना थारु

३. माननीय विरमान चौधरी

४. माननीय शान्ति नेपाली

५. माननीय मालामति कुमारी राना थारु

६. माननीय कुलविर चौधरी

७. माननीय उमा कुमारी वादी

**आमन्त्रीत**

८. माननीय आन्तरिक मामिला तथा कानून मन्त्री प्रकाश बहादुर शाह

## संशोधन तथा थप हुनु पर्ने विषयहरु

| क्र.स. | दफा | विधेयकमा रहेको साविक व्यवस्था | संशोधन वा थप हुनुपर्ने व्यवस्था | कारण |
|---|---|---|---|---|
| १ | साविक मस्यौदाको दफा ५ को उपदफा (२) को देहाय खण्ड (ग) मा | (ग) प्रदेश सभाको सचिव- **सदस्य** | (ग) प्रदेश सभाको सचिव- **सदस्य सचिव** | सदस्य सचिव रहने पदाधिकारी स्पष्ट पारिएको |
| २ | साविक मस्यौदाको दफा ५ को उपदफा (२) को देहाय खण्ड (घ) मा | **(घ) नेपाल सरकार वा प्रदेश सरकारबाट सचिव पदको व्यवस्था नभए सम्मका लागि** सभामुखले तोकेको **प्रदेश सभाको रा.प.द्धितीय श्रेणीको बरिष्ठतम कर्मचारी** - सदस्य सचिव | **(३) नेपालको संविधानको धारा १९५ को उपधारा (१) बमोजिम प्रदेश सभाको सचिव नियुक्त नभए सम्मका लागि** सभामुखले तोकेको **सचिवालयको बरिष्ठतम अधिकृतले** सदस्य सचिव भइ कार्य गर्ने छ । | देहाय खण्ड (घ) लाई उपदफा (३) बनाइ संशोधन गरिएको |
| ३ | साविक मस्यौदाको दफा ५ को उपदफा (३) मा | **(३)** सभामुखको पद रिक्त रहेको अवस्थामा उपसभामुखले समितिको अध्यक्ष भइ कार्य गर्ने छ । | **(४)** सभामुखको पद रिक्त रहेको अवस्थामा उपसभामुखले समितिको अध्यक्ष भइ कार्य गर्ने छ । | उपदफा (३) लाई (४) बनाएको |
| ४ | साविक मस्यौदाको दफा ६ को उपदफा (१) को देहाय खण्ड ( | - | **(ञ)** प्रदेश सभा सचिवालयको स्वीकृत दरबन्दीमा कार्यरत कर्मचारीहरुलाई प्रोत्साहन भत्ता लगायत अन्य अतिरिक्त | देहाय खण्ड (झ) पछि देहाय खण्ड |

| | | | | |
|---|---|---|---|---|
| | झ) पछि | | थप सेवा सुविधाहरु तोक्न सक्ने । | (ञ) थपिएको |
| ५ | साविक मस्यौदाको दफा ६ को उपदफा (१) को देहाय खण्ड (झ) पछि थपिएको देहाय खण्ड (ञ) पछि | - | **(ट)** सचिवालयको स्वीकृत दरबन्दीमा कार्यरत कर्मचारीहरु मध्ये उत्कृष्ठ कार्य गर्ने कर्मचारीलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्न सक्ने । | नयाँ थपिएको देहाय खण्ड (ञ) पछि खण्ड (ट) समेत थपिएको |
| ६ | साविक मस्यौदाको दफा ६ को उपदफा (१) को देहाय खण्ड (ञ) मा | **(ञ)** तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउँने । | **(ठ)** तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउँने | साविक मस्यौदाको देहाय खण्ड (ञ) लाई (ठ) मा सारिएको |
| ७ | साविक मस्यौदाको दफा ७ मा | (७) प्रदेश सभाको सचिवको काम, कर्तव्य र अधिकार : प्रचलित कानूनमा उल्लेख भएका काम, कर्तव्य र अधिकारको अतिरिक्त सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ : | (७) प्रदेश सभाको सचिवको काम, कर्तव्य र अधिकार **(१)** प्रचलित कानूनमा उल्लेख भएका काम, कर्तव्य र अधिकारको अतिरिक्त सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ : | दफा ७ सँग जोडिएको वाक्यांसलाई उपदफा (१) पारिएको |
| ८ | साविक विधेयकको मस्यौदाको दफा ७ को देहाय खण्ड (ख) देखि (झ) सम्ममा | (ख) प्रदेश सभा सचिवालयको प्रशासकिय प्रमुखको रुपमा **नेपाल सरकार वा प्रदेश सरकारबाट सचिव पदको व्यवस्था नभएसम्मका लागि सचिवालयमा खटिएका रा.प. द्धित्तिय श्रेणीका बरिष्ठतम कर्मचारी मार्फत** प्रशासकिय कार्य गराउने,<br>(ग)प्रदेश सभाका कर्मचारीको प्रचलित कानून बमोजिम नियुक्ति, अवकाश र सजाय तथा कार्यसम्पादन मूल्यांकन सम्बन्धी कार्य **नेपाल सरकार वा प्रदेश सरकारबाट सचिव पदको व्यवस्था नभएसम्मका लागि सचिवालयमा खटिएका रा.प. द्धितीय श्रेणीका वरिष्ठतम् कर्मचारी मार्फत गराउने,**<br>(घ) **नेपाल सरकार वा प्रदेश सरकारबाट सचिव पदको व्यवस्था नभएसम्मका लागि सचिवालयमा खटिएका रा.प. द्धितिय श्रेणीका वरिष्ठतम् कर्मचारी मार्फत** प्रदेश सभा र सचिवालयको वार्षिक बजेट तयार गरी समिति समक्ष पेश गराउने,<br>(ङ) **नेपाल सरकार वा प्रदेश सरकारबाट सचिव पदको व्यवस्था नभएसम्मका लागि सचिवालयमा खटिएका रा.प. द्धितीय श्रेणीका वरिष्ठतम् कर्मचारी मार्फत** सचिवालयको वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गराउने,<br>(च)**नेपाल सरकार वा प्रदेश सरकारबाट सचिव पदको व्यवस्था नभएसम्मका लागि सचिवालयमा** | (ख) प्रदेश सभा सचिवालयको प्रशासकिय प्रमुखको रुपमा कार्य गर्ने,<br>(ग)प्रदेश सभाका कर्मचारीको प्रचलित कानून बमोजिम नियुक्ति, अवकाश र सजाय तथा कार्यसम्पादन मूल्यांकन सम्बन्धी कार्य गर्ने,<br>(घ)प्रदेश सभा र सचिवालयको वार्षिक बजेट तयार गरी समिति समक्ष पेश गराउने,<br>(ङ) सचिवालयको वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गराउने,<br>(च) प्रदेश सभा र सचिवालयको लागि विनियोजित बजेट रकम खर्च एवं आर्थिक प्रशासन सम्बन्धी कार्य गराउने, | "नेपाल सरकार वा प्रदेश सरकारबाट सचिव पदको व्यवस्था नभए सम्मका लागि सचिवालयमा खटिएका रा.प.द्धितीय श्रेणीका बरिष्ठतम कर्मचारी मार्फत" भन्ने शब्दावली झिकिएको । |

| | | | | |
|---|---|---|---|---|
| | | **खटिएका रा.प. द्वितीय श्रेणीका वरिष्ठतम् कर्मचारी मार्फत** प्रदेश सभा र सचिवालयको लागि विनियोजित बजेट रकम खर्च एवं आर्थिक प्रशासन सम्बन्धी कार्य गराउने,<br>(छ) **नेपाल सरकार वा प्रदेश सरकारबाट सचिव पदको व्यवस्था नभएसम्मका लागि सचिवालयमा खटिएका रा.प. द्वितीय श्रेणीका वरिष्ठतम् कर्मचारी मार्फत** सचिवालयमा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि सम्बन्धी आवश्यक कार्य लगायत सचिवालयको सञ्चालन र व्यवस्थापनको कार्य गराउने,<br>(ज) **नेपाल सरकार वा प्रदेश सरकारबाट सचिव पदको व्यवस्था नभएसम्मका लागि सचिवालयमा खटिएका रा.प. द्वितीय श्रेणीका वरिष्ठतम् कर्मचारी मार्फत** सचिवालयको भौतिक निर्माण, सुधार सम्बन्धी कार्य गराउने,<br>(झ) **नेपाल सरकार वा प्रदेश सरकारबाट सचिव पदको व्यवस्था नभएसम्मका लागि** सचिवालय र अन्य निकाय बीच **सचिवालयमा खटिएका रा.प. द्वितीय श्रेणीका वरिष्ठतम् कर्मचारी मार्फत** समन्वय कायम गराउने, | (छ) सचिवालयमा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि सम्बन्धी आवश्यक कार्य लगायत सचिवालयको सञ्चालन र व्यवस्थापनको कार्य गराउने,<br>(ज) सचिवालयको भौतिक निर्माण, सुधार सम्बन्धी कार्य गराउने,<br>(झ) सचिवालय र अन्य निकाय बीच समन्वय कायम गराउने, | |
| ९ | साविक विधेयकको मस्यौदाको दफा ७ को देहाय खण्ड (ङ) पछि थपिएको नयाँ व्यवस्था | - | **(२)** सभामुखले नेपालको संविधानको धारा १९५ को उपधारा (१) बमोजिम प्रदेश सभाको सचिव नियुक्त नभए सम्मका लागि सचिवको हैसियतले कामकाज गर्ने गरि सचिवालयको बरिष्ठतम अधिकृतलाई तोक्न सक्ने छ । | उपदफा (२) थप गरि सचिवको नियुक्ति नभएको अवस्थामा कामकाज गर्ने पदाधिकारी स्पष्ट पार्न उपयुक्त भएकोले |
| १० | साविक विधेयकको मस्यौदाको दफा ८ को उपदफा (२) को देहाय खण्ड (ख) मा | (ख) मान्यता प्राप्त विश्वविद्यालयबाट कानून, व्यवस्थापन तथा मानवीकि संकायमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरि कानून व्यवसाय वा अनुसन्धान वा अध्यापन वा सरकारी सेवामा कम्तीमा १० बर्ष अनुभव प्राप्त गरेको, | (ख) मान्यता प्राप्त विश्वविद्यालयबाट कानून, व्यवस्थापन तथा मानवीकि संकायमा कम्तीमा **स्नातक** उपाधि हासिल गरि कानून व्यवसाय वा अनुसन्धान वा अध्यापन वा सरकारी सेवामा **वा अर्ध सरकारी** सेवामा कम्तीमा १० बर्ष अनुभव प्राप्त गरेको, | स्नाकोत्तर शब्दको सट्टा स्नातक बनाइ अर्धसरकारी सेवा समेत थप गरिएको |
| ११ | अनुसूची १ (दफा २६ सँग सम्बन्धित) शपथमा | अनुसूची १ (दफा २६ सँग सम्बन्धित) शपथको तेस्रो हरबमा **प्रदेश सभाको सचिव पदमा** भन्ने उल्लेख भएको । | अनुसूची १ (दफा २६ सँग सम्बन्धित) शपथको तेस्रो हरबमा **प्रदेश सभाको सचिव पदको** भन्ने उल्लेख हुनु पर्ने । | **प्रदेश सभाको सचिव पदमा** भन्ने शब्दको |

| | | | | |
|---|---|---|---|---|
| | | | | सट्टा **प्रदेश सभाको सचिव पदको** भन्ने शब्द बनाइएको |

माननीय सभामुख महोदय,

उपरोक्त संशोधन तथा थप गर्नु पर्ने विषयहरु प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ मा समावेश गरि उक्त विषयलाई विधेयकको अंग बनाइ सभामा निर्णयार्थ प्रस्तुत हुन सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम यो प्रतिबेदन प्रस्तुत गरेको छु । अन्तमा यो प्रतिबेदन तयार पार्न सहयोग पुऱ्याउँने सचिवालयका कर्मचारी सहित सम्पूर्ण विधायन तथा प्रदेश मामिला समितिका माननीय सदस्यज्यूहरु प्रति हार्दिक आभार व्यक्त गर्दै धन्यवाद दिन चाहान्छु ।

**प्रस्तुतकर्ता**
माननीय नेपालु चौधरी
सभापति
विधायन तथा प्रदेश मामिला समिति
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

***(प्रतिबेदन प्रस्तुत गरेपछि)***

१४. **माननीय सदस्यहरु,**

**"प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथिको आजको कार्वाहि यही समाप्त हुन्छ ।

१५. **माननीय सदस्यहरु,**

आजको बैठकको कार्वाही यही समाप्त हुन्छ । अर्को बैठक मिति २०७५ साल चैत्र ५ गते मंगलबार दिउसो १ बजे बस्ने भएकोले उक्त समय सम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।